**साइबर स्पेसमा अभिव्यक्ति स्वतन्त्रता र इन्टरनेटको नियमन विषयमा २०६७ भदौ २७ गते आयोजित छलफल कार्यक्रममा प्रस्तुत पत्र**

# साइबर स्पेसमा सूचनाको हक

विनय कसजू

'साइबर स्पेस' शब्दले कम्प्युटरमा भएका सबै अवास्तविक जगत (भर्चुअल वर्ल्ड) लाई जनाउँछ तापनि अहिले आएर वेबसाइट, ब्लग, इमेलमा भएका र इन्टरनेटमा प्रवाहित हुने सबै संचार सामग्री र प्रविधि अटाउने वा संचालन गर्ने स्थान/क्षेत्रलाई बुझाउँछ । इन्टरनेटले भन्दा साइबर स्पेसले धेरै कुरा समेट्छ ।

अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक मानिसका यस्ता मौलिक अधिकार हुन् जसको अभावमा न त मानिसको व्यक्तित्वले पूर्णता पाउँछ, न मानव समाजको विकास हुन्छ, न त मानव सभ्यताको सर्वोत्कृष्ट उपलब्धिको रुपमा रहेको लोकतन्त्रिक व्यवस्था नै चल्न सक्छ । जहाँ अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र समानताको हकको ग्यारेन्टी हुन्छ त्यहाँ मात्रै अरु सबै मानवअधिकारहरु उपभोग गर्न सकिन्छ ।

अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक कार्यान्वयन गर्न सूचना र संचारका माध्यम र प्रविधिहरुको आवश्यकता हुन्छ । सूचना र संचारका माध्यम र प्रविधिहरुको जतिधेरै विकास हुन्छ अभिव्यक्ति र सूचनाको हक पनि त्यति नै सहज, सरल र व्यापक हुन्छ । मानिसले लेख्न जानेपछि अभिव्यक्ति गर्ने र सूचना पाउने क्षेत्रमा ठूलो फड्को मारेको थियो भने छपाखानाको आविष्कार भएपछि सूचना र ज्ञानको विस्तारका साथै अभिव्यक्ति स्वतन्त्रतामा पनि ऐतिहासिक परिवर्तन सुरु भएको थियो । रेडियो तरंगको आविष्कार, त्यसपछि टेलिफोन, रेडियो प्रसारण र टेलिभिजन प्रसारणले मानव समाज, राजनीतिक व्यवस्था, सांस्कृतिक तथा आर्थिक ढाँचामा नै ठूलो परिवर्तनको सुरुवात भयो । अहिले आएर डिजिटल प्रविधिको विकासले गर्दा सूचना तथा संचार प्रविधिले अहिलेसम्म विकास भएका सूचना र संचारका माध्यम र प्रविधिहरुको भूमिका खेल्नुका साथै यसले मानव समाजको सबै गतिविधिमा अभूतपूर्व, अकल्पिनीय र युगान्तकारी परिवर्तन ल्याउँदैछ ।

अहिले सरकारी, गैरसरकारी निकायहरु, जनताको सेवामा काम गरिरहेका सार्वजनिक निकायहरु, उद्योग तथा व्यापार जगत, शिक्षा, स्वास्थ्य, पर्यटन इत्यादि कुनै पनि क्षेत्र साइबस स्पेसको उपयोग बिना काम गर्न सक्तैन ।

आमसंचारको क्षेत्रमा पनि अहिले पत्रपत्रिकाहरु कागतबाट भन्दा इन्टरनेट र ब्रोडव्याण्ड मार्फत् व्यापक र विश्वव्यापी पाठकसम्म पुगिरहेका छन् । रेडियो र टेलिभिजनहरु पनि रेडियो तरंगबाट भन्दा इन्टरनेट र ब्रोडव्याण्डमार्फत व्यापक र विश्वव्यापी अडियन्ससम्म पुगिरहेका छन् । वास्तवमा इन्टरनेटले कागतको अपरिहार्यता, चर्को मूल्य र वातावरण विनाशलाई विस्तारै प्रतिस्थापन गर्दैछ । यस्तै गरी सीमित रेडियो तरंगको वाध्यतालाई इन्टरनेटले विस्थापित गर्दैछ । फलस्वरुप

कागत, छापाखाना, रेडियो तरंग बन्द भए पनि अखबार, रेडियो र टेलिभिजन साइबर स्पेसमा निर्वाध रुपमा चल्न सक्ने अवस्था आएको छ ।

अर्कोतिर मोबाइलफोनका विविध र अकल्पनीय प्रविधिको आविष्कारले गर्दा आर्थिक कारोवारदेखि लिएर इमेल र इन्टरनेट जस्ता सेवा पनि मोबाइल फोनले दिन थालेको छ । मोबाइल फोनले अखबार, रेडियो, टेलिभिजन र इन्टरनेट पनि संचालन गरेरसूचना र संचारका तथा आमसंचारका सबैभन्दा शीध्र, सस्तो र सजिलो माध्यम विपन्न जनताको हातहातमा राखिदिएको छ । नेपालमा अहिले मोबाइल फोन प्रयोगकर्ताको संख्या भ्रण्डै एक करोड अनि इन्टरनेट प्रयोगकर्ताको संख्या साढे १३ लाख पुग्नु यसैको परिणाम हो ।

सूचना र ज्ञानका पाठ्, लेख्य, श्रव्य, श्रव्यदृश्य आदि कुनै पनि रुपमा रहेका सामग्रीलाई डिजिटाइज गरेर वेबसाइटमा राख्न र इन्टरनेटमार्फत विश्वभरि फैलाउन कुनै ठूलो समस्या छैन । इन्टरनेट र कम्प्युटर चलाउन जान्ने जोसुकैले आफ्नो विचार, सूचना, ज्ञान वा संचार र सूचनाको कुनै पनि सामग्री कुनै पनि रुपमा चाहेको बेलामा विश्वभरि फिँजाउन सक्छ । इन्टरनेट जस्तो सजिलो, छिटो, उदार र लोकतान्त्रिक माध्यम र प्रविधि मानव समाजले पहिले कहिल्यै चलाएको थिएन ।

इन्टरनेटमा कुनै पनि विषयवस्तु वा सामग्री सजिलैसँग र जसले पनि राख्न सक्ने भएको हुनाले इन्टरनेटको सदुपयोगका साथै दुरुपयोग पनि भइरहेको छ । इन्टरनेट मार्फत अपराधी कृयाकलाप भइरहेका छन् । खास गरी आतंक, असामाजिक तथा अश्लील सामग्री इन्टरनेटमा बढिरहेको छ । यसले गर्दा इन्टरनेटलाई नियन्त्रण गर्नुपर्छ भन्ने आवाजहरु चर्को रुपमा उठ्न थालेका छन् । इन्टरनेटमा प्रावहित हुने विषयवस्तु नै समस्या र विवादको मूल कारण बनेका छन् ।

अपराध नियन्त्रण गर्ने उद्देश्यले इन्टरनेटलाई ऐनकानुन वा नियम बनाएर नियन्त्रण गर्दा अवांछित वा हानीकारक विषयवस्तु (कन्टेन्ट) मात्रै नियन्त्रण हुँदैन यसले मानिसले दैनिक जीवनमा उपभोग गरिरहेका आर्थिक, सामाजिक, शैक्षिक, सरकारी, गैरसरकारी, सांस्कृतिक आदि अनेक विषयमाथि पनि नियन्त्रण हुनजान्छ । सबैभन्दा मुख्य कुरा त यसबाट नागरिकको सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि प्रतिकूल प्रभाव पर्न जान्छ ।

साइबर स्पेसमा हुने अपराधलाई नियन्त्रण गर्ने समबन्धमा नियम कानुन बनाउँदा धेरै कुरामाथि विचार पुर्‍याउनु पर्ने हुन्छ । इन्टरनेट बन्द गर्नु वा नियन्त्रण गर्नु भनेको रेडियो वा टेलिभिजन स्टेसन बन्द गर्नु जस्तो सजिलो कुरा होइन । प्रविधि र माध्यमको दृष्टिलेमा मात्रै होइन यसका खेलाडी वा प्लेयरहरु र उपभोक्ताहरुको व्यापकता र विशिष्ट चरित्र पनि विचारणीय हुन्छ ।

राष्ट्रिय सुरक्षा, अपराध नियन्त्रण तथा अश्लिल तथा असामाजिक सामग्रीलाई नियन्त्रण गर्ने उद्देश्यले ऐनकानुन बनाउने सम्बन्धमा जोहनेसवर्ग सिद्धान्तलाई प्रस्थान विन्दुको रुपमा लिइन्छ । राष्ट्रिय सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकको सिद्धान्त भनिने सो सिद्धान्त पत्र विशेषज्ञहरुको टोलीले तयार पारेको थियो र संयुक्त राष्ट्रसंघले स्वीकृत (इन्डोर्स) गरेको थियो ।

इन्टरनेटको विशिष्ट गुणले गर्दा यसमा अरु माध्यममा राख्न र फैलाउन नसकिने सामग्री यसमा सजिलै राख्न र सजिलै फैलाउन सकिन्छ । यसले गर्दा यसको प्रयोगकर्ता र उपभोक्ताहरु पनि  असीमित र विविध तथा विचित्र चरित्रका हुन्छन् । यसैले इन्टरनेटमा भएका सामग्रीका लागि दोष वा जस इन्टरनेट संचालनका एक प्रमुख पक्ष इन्टरनेट सेवा प्रदायक (आईएसपी) लाई दिने गरेको पाइन्छ । तर कुन सामग्री राख्ने भन्ने विषयमा आइएसपीहरुको भूमिका नगन्य हुन्छ । यस्तै उपभोक्ताले कस्तो सामग्री उपभोग गर्छन् भन्ने कुरामा पनि आइएसपीहरुको हात हुँदैन । वास्तवमा आइएसपीहरुको भूमिका इन्टरनेट प्रयोगकर्तालाई पहुँच दिनु मात्रै हो ।

अतः इन्टरनेटमा कुन सामग्री प्रवाहित गर्न दिने कुन सामग्री रोक्ने भन्ने निर्णय गर्ने जिम्मा आइएसपीहरुलाई दिनु भनेको नागरिकको सुसूचित हुने अधिकार आइएसपीहरुलाई दिनु सरह हो ।

हाल चर्चामा रहेको 'नेपाल दूरसंचार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकहरुसंग अनुमतिपत्र संशोधनकालागि प्रस्तावित शर्त' अन्तर्गत आइएसपीहरुलाई ग्राहकहरुलाई इन्टरनेट मार्फत निम्न बमोजिमका सामाग्री सूचनाहरु राख्न, वितरणगर्न, प्रसारण गर्न, विक्रि गर्न र त्यसको उपभोग गर्न नपाइने व्यवस्था गर्नुपर्नेछ जिम्मेवारी दिएको छ :

(क) अश्लील उत्तेजनात्मक, डरलाग्दो (Horror), विभत्स, अत्याधिक हिंसा भएका र समाजमा विकृति फैलाउने खालका दृष्य, चित्र, लेख जस्ता सामाग्रीहरु,

(ख) धार्मिक असहिष्णुतालाई बढावा दिने तथा धर्म, वर्ग, लिङ्ग, जाति,समुदाय आदिमा आपसी बैमनस्य बढाई सामाजिक शान्तिमा खलल पुऱ्याउने खालका सामाग्रीहरु,

(ग) राष्ट्रिय हित, एवं राज्यले निर्धारण गरेको आधारभूत राजनैतिक सिद्धान्त मूल्य र मान्यता, राष्ट्रिय एकताको संरक्षण एवं सुदृढिकरण, राष्ट्रिय सुरक्षा तथा जनताको सुरक्षामा बाधा पुऱ्याउने खालका सामाग्रीहरुका अतिरिक्त सर्वसाधारणमा भ्रम फैलने खालका सामाग्री ।

साथै नेपाल सरकार वा प्राधिकरणले समय समयमा बन्द गर्नु पर्ने भनी लेखी पठाएका वेबसाइटहरु तत्काल बन्द गरि जानकारी गराउनु पर्ने पनि शर्त छ ।

अइएसपीहरु विशुद्ध व्यापारिक निकाय भएको हुँदा आफ्नो व्यवसाय जोगाउन उनीहरुले सरकार र प्राधिकरणको शर्त वा आदेश पालन नगर्ने कुरै भएन । आफ्नो व्यवसाय जोगाउन कुनै पनि वेबसाइटमाथि शंका लाग्यो भने उसले प्राधिकरणको शर्त तेर्स्याएर कुनै पनि वेबसाइट अपलोड गर्न मात्रै होइन पहुँच हुन पनि नदिन सक्छ । तर प्राधिकरणले आइएसपीहरुलाई नियन्त्रण गर्न तोकेका विषय र आइएसपीहरुको कार्यक्षेत्र भित्र ती कामहरु पर्न सक्तैन । किनकि माथि उल्लिखित विषयहरुको निर्णय गर्ने आधिकारिक निकाय आइएसपीहरु होइनन्, न त प्राधिकरण नै हो ।

यदि कुनै निकायले अपराध नियन्त्रण गर्ने नाममा इन्टरनेटमा पहुँचको विषयमा आइएसपीहरुलाई निगरानी, नियन्त्रण (पुलिसिङ) गर्ने जिम्मेवारी दिन लागेको हो भने यो अत्यन्तै गम्भीर कुरा हो । नागरिकको मौलिक अधिकार तथा प्रेस स्वतन्त्रतामाथि यो ठाडो हस्तक्षेप हो ।

**विषयवस्तु (कन्टेन्ट) मा विविधता र पहुँचमा सरलता यही नै इन्टरनेटको गुण र अहिलेको विवादको कारक पनि हो । तर यदि समस्या कन्टेन्टको हो भने कन्टेन्टलाई नियन्त्रण गर्न सक्ने कानुनी आधारअनुसार समाधान खोज्नु पर्छ । पहुँचमा नियन्त्रण गरेर होइन । यदि समस्या पहुँचको हो भने आइएसपीहरु दूरसंचार सेवा प्रदायकहरुको सहयोग बिना चल्न नसक्ने हुँदा यसमा दूरसंचार सेवा प्रदायक कम्पनीहरुको जिम्मेवारी पनि बुझ्नुपर्छ र तिनीहरुको सहयोग लिएर समस्याको समाधानका उपाय खोज्नुपर्छ । कन्टेन्ट र पहुँचको दुरुपयोगका सवालमा अपराध नियन्त्रणका लागि जिम्मेवार निकायहरुमात्र होइन प्रेस स्वतन्त्रताका लागि जिम्मेवार निकायहरुको निगरानी पनि सक्रिय र निरन्तर हुनु आवश्यक छ ।**

कुनै यात्रीले विस्फोटक पदार्थ लिएर हवाइजहाज चढ्यो भने हवाइजहाज कम्पनी जिम्मेवार हुँदैन, हुलाकबाट कसैले आपाराधिक वस्तु पठायो भने हुलाक जिम्मेवार हुँदैन, टेलिफोनबाट कसैले आपराधिक सन्देश पठायो भने टेलिफोन सेवा प्रदायक जिम्मेवार हुँदैन । त्यस्तै वेबसाइटमा कसले के सामग्री राख्यो वा हेर्‍यो भन्ने विषयमा कमन क्यारियरको सिद्धान्तअनुसार आइएसपीहरु जिम्मेवार हुन सक्तैन । यसै आधारमा अमेरिकामा कमन क्यारियरको सिद्धान्तलाई दूरसंचार सेवामा लागू गरिएको छ । साथै नेटवर्क न्युट्रालिटीको सिद्धान्तको विकास भएको छ ।

'इन्टरनेटका पिता' कहलिएका तथा इन्टरनेट प्रोटोकलका सह आविष्कारक भिन्टन सर्फ (Vinton Cerf) तथा वेबका स्रष्टा टिम बार्नर्स ली (Team Berners-Lee) का साथै धेरै विशेषज्ञहरुले इन्टरनेटलाई नियमन गर्ने विषयमा नेटवर्क न्युट्रालिटी (Network neutrality) को अवधारणालाई पालन गर्ने सिफारिस गरेका छन् ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १५ मा नेपाली नागरिकको प्रकाशन, प्रसारण तथा छापाखानासम्बन्धी हकलाई यसरी स्पष्ट पारिएको छ :

(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिवन्ध लगाइने छैन ।

तर नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रसारण गरे वा छापे वापत त्यस्तो सामग्री प्रकाशन तथा प्रसारण गर्ने

वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।

(३) कुनै समाचार लेख, सम्पादकीय, रचना वा अन्य कुनै पाठ्य सामग्री मुद्रण वा प्रकाशन गरे वापत कुनै समाचारपत्र, पत्रिका, वा छापाखाना वन्द, जफत वा दर्ता खारेज गरिने छैन ।

(४) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गर्न सकिने छैन ।

सर्वोच्च अदालतका विगतका फैसलाहरुले पनि रेडियो, टेलिभिजन, अनलाइनमाध्यमहरुको छापामाध्यमसरहको प्रेस स्वतन्त्रताको हकलाई मान्यता दिइसकेका छन् । ती सबैले आमसंचार माध्यमको मान्यता पाइसकेका छन् । फलस्वरुप नेपालका परम्परागत तथा आधुनिक आमसंचारका सबै माध्यमहरुले प्रेस स्वतन्त्रताको हक उपभोग गरिरहेका छन् ।

अहिले नेपालका सबैजसो ब्रोडसिट दैनिक तथा कतिपय अखबारहरु अनलाइनमा छन् र विश्वव्यापी पहुँचमा छन् । कतिपय सामग्रीहरु अडियो र भिडियोको रुपमा छन् । फलस्वरुप पहिले कागतको भन्दा इन्टरनेटको महत्व बढेको छ । इन्टरनेट अर्थात् इन्टरनेटलाई संचालन गर्ने कम्प्युटर हार्डवेयर र सफ्टवेयर, दूरसंचारका विभिन्न क्षमताका फ्रिक्वेनसीहरु, भूउपग्रहीय संचारका साधनहरुलाई कसैको एकाधिकारबाट मुक्त र सबैको लागि अपलोड र डाउलोड गर्न सकिने साधनको रुपमा स्वतन्त्र राख्नु जनताको अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रता र लोकतन्त्रको सुस्वास्थ्यका लागि अपरिहार्य छ ।

इन्टरनेटलाई नियमन गर्ने कदमलाई अपराध नियन्त्रण गर्न सरकारी निकाय वा पदाधिकारीहरुले असल मनसायले गरेको काम भनेर चित्त बुझाउन पनि मिल्दैन किन भने अमेरिकी पूर्वराष्ट्रति जेम्स म्याडिसनको शब्दमा “असल नियत भएका मानिसहरु सँधै नेतृत्वमा हुँदैनन् ।” अहिले असल मानिसले बनाउने इन्टरनेटलाई नियमन गर्ने नियमकानुन भोलि अधिनायकवादीको हातमा पर्दैन भन्ने केही ग्यारेन्टी छैन ।

Sunday, September 12, 2010